# वेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिरसा, कंचनपुर
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७७/०७८
च.नं. ५८

मिति : २०७८।०४।१२

**बिषय : कोभिड बिरुद्धको खोप अभियान संचालन सम्बन्धमा ।**

श्री वडा नं.......को कार्यालय,

वेदकोट-....., कंचनपुर ।

उपरोक्त विषय सम्बन्धमा यस वेदकोट नगरपालिका अर्न्तगत कोभिड बिरुद्धको खोप अभियान तपसिल बमोजिमको मिति, स्थान र समयमा संचालन हुने भएकाले सम्बन्धित लक्षित समुहका सबैलाई आफ्नो परिचय खुल्ने कागजपत्र सहित आ-आफ्नो पायक पर्ने स्थानमा गई खोप सेवा लिनका लागि व्यापक रुपमा प्रचारप्रसार गर्न / गराउन हुन जानकारिका लागि अनुरोध गरिन्छ ।

*पूनश्च : यसै पत्र साथ संलग्न जिल्ला कोभिड-१९ खोप समन्वय तथा अनुगमन समितिको मिति २०७८।०४।११ गतेको बैठकको निर्णयहरुको प्रतिलिपि बाट थप व्यहोरा अवगत गर्नहुन ।*

* कोभिशिल्ड दोस्रो मात्राका हकमा पछि जानकारी गराइनेछ।

(पदम राज भट्ट)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल</u> :

- खोप संचालन मिति : २०७८।०४।१३ गते देखि २०७८।०४।१६ गते सम्म
- खोप संचालन हुने स्थान :
  १) वेदकोट नगर कोभिड अस्पताल, वेदकोट-३, सामादैजी
  २) दैजी स्वास्थ्य चौकी, वेदकोट-३, चौरी
  ३) सुडा स्वास्थ्य चौकी, वेदकोट-७, सुडा
  ४) धरमपुर आ.स्वा.से.के., वेदकोट-५, धरमपुर
- खोप संचालन हुने समय : बिहान १०:०० बजे देखि ४:०० बजे सम्म

- ५० वर्ष देखि ५४ वर्ष उमेर समुहका कोभिड बिरुद्ध पहिलो मात्रा खोप लगाउन बाँकी सबै नागरिकहरु,
- पूर्ण र अति अशक्त अपांगता (वर्ग क र ख ) भएका नागरिकहरु,
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र सरसफाईकर्मीहरु, सुरक्षाकर्मीहरु,कर्मचारीहरु र पत्रकार (यस अघिको अभियानहरुमा खोप लगाउन छुट भएका)

खोप दिने/लिने आधारहरु :

- उमेरको समुहको हकमा : उमेर खुल्ने आधिकारिक प्रमाण (नागरिकता, पासपोर्ट, सवारी चालक प्रमाण पत्र, शैक्षिक प्रमाण पत्र र सो नभएमा पालिका, वडा बाट उमेर प्रमाणित कागजात)
- सार्वजनिक यातायात चालक, सहचालक र अटोचालकहरुको हकमा आधिकारिक परिचय पत्र र सवारी साधन नं. सहित व्यवसायी संघ बाट तथ्यगत विवरण माग गरि प्रमाणित सूचिको आधारमा
- विश्वविद्यालय र विद्यालयका शिक्षक एवं कर्मचारीको हकमा सम्बन्धित संस्थाको आधिकारिक परिचयपत्रको आधारमा
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकको हकमा पासपोर्ट र भिसाको आधारमा
- पूर्ण र अति असक्त अपांगता (बर्ग क र ख )भएका नागरिकको हकमा नेपाल सरकारले जारि गरेको प्रमाण पत्रको आधारमा
- जोखिम उच्च रहेका समुदायको हकमा परिचय खुल्ने आधिकारिक संस्थाको परिचय पत्र

निर्णय नं. २

स्वास्थ्य कार्यालयले पालिकामा पुर्वनिर्धारित समय अगावै खोप लगायत आवश्यक सामाग्री उपलब्ध गराउने र पालिकाले साविकमा संचालनमा रहेका र आवश्यक परेमा थप खोप केन्द्र स्थापना गरि आवश्यक जनस्वास्थ्यका मापदण्ड पालना हुने गरि तोकिएको मितिमा खोप अभियान संचालन गर्ने।

निर्णय नं. ३

खोप अभियान संचालन गर्दा माथि तोकिएका लक्षित समुहलाई मात्रै खोप प्रदान गर्ने र खोप प्राप्त गरेका सबै सेवाग्राहीको कोभिड खोप रजिष्टरमा अभिलेख राखी दैनिक लक्षित समूह अनुसारको प्रगति प्रतिबेदन गर्ने व्यवस्था मिलाउने।

निर्णय नं.४

अभियानको दैनिक सुपरभिजन तथा अनुगमनको कार्य जिल्ला कोभिड-१९ खोप समन्वय तथा अनुगमन समिति, स्वास्थ्य कार्यालय र सम्बन्धित पालिकाको कार्यलय बाट गरिने छ।

निर्णय नं.५

खोप केन्द्रको जानकारी सुरक्षा निकायलाई गराउने र तत् तत् खोप केन्द्रमा सुरक्षा प्रबन्धका लागि सुरक्षा निकायमा लेखि पठाउने।